आज मिति २०८०।०८।१४ गते बिहीबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को ७ औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई<br>श्री चन्द्रकला राई | अध्यक्ष वडा नं. ३<br>का.वा. अध्यक्ष '' | ९८१४७३४८५५ | |
| ७ | श्री लुङ्गाराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री सत्यनारायण हुजदार - सूचना अधिकारी - ९८५२८४४०७३

CamScanner

**प्रस्तावहरू :**

१) ढुँगा, गिट्टी ठेक्का सम्बन्धमा ।
२) फोहोर मैला व्यवस्थापन (डम्पिङ साईट)लाई व्यवस्थित गर्ने सम्बन्धमा ।
३) बेल्टार सुगाचरी हुदै बंशिला बाटो मर्मत सम्बन्धमा ।
४) चौ. न. पा. वडा ६ र ७ मा अवस्थित द्वारखोला आसपासको र औधोगिक ग्रामको अतिक्रमित जग्गा संरक्षण सम्बन्धमा ।
५) आर्थिक सहयोग सम्बन्धमा ।
६) विविध ।

- आगलागी पिडित परिवारलाई आर्थिक सहयोग सम्वन्धमा ।
- काजक्रिया खर्च सम्वन्धमा ।
- अध्ययन तथा खेलाडीको लागि आर्थिक सहायता सम्बन्धमा ।
- विपन्न नागरीक आर्थिक सहायता सम्वन्धमा ।
- कृषी/ पशुपंक्षी बजार पुर्बाधार कार्यक्रम सम्वन्धमा ।
- साना सिंचाई प्रवर्द्दन कार्यक्रम सम्वन्धमा ।
- शित भण्डार निर्माण कार्यक्रम सम्वन्धमा।
- टनेल खरिद कार्यक्रम सम्वन्धमा ।
- स्थानीय प्राविधिक समिति गठन सम्बन्धमा ।
- घ बर्गको निर्माण इजाजत सम्वन्धमा ।
- दररेट कायम गर्ने सम्बन्धमा ।
- नम्बरी जग्गाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (TOR) स्वीकृत गर्ने सम्बन्धमा ।
- शिखरपुर काभ्रे कञ्चनपुर चारघरे मोटरबाटो मर्मत सम्बन्धमा ।
- मदन भण्डारी राजमार्गमा पर्ने रातमाटे डाँडा र खैराझोडाको मोड सुधार गर्ने सम्वन्धमा।
- कवडी खेल प्रशिक्षकलाई सम्मान गर्ने सम्वन्धमा ।
- खानेपानी उपभोक्ता समिति पुनर्गठन सम्वन्धमा ।
- क्रिकेट खेल मैदान सम्बन्धमा ।
- बहुक्षेत्रिय पोषण कार्यक्रम स्वीकृत सम्वन्धमा ।
- प्राविधिक कर्मचारी वडामा खटाउने सम्बन्धमा ।
- मोटर साईकल खरिदको भुक्तानी सम्बन्धमा ।
- नगर अस्पताल फार्मेसी सञ्चालन निर्देशिका सम्वन्धमा ।

निर्णयहरू:

१. यस नगरपालिकाबाट मिति २०८०/०६/१८ गते प्रथम पटक प्रकाशन गरिएको बोलपत्र आव्हानको सूचना बमोजिम मिति २०८०/०८/०९ गते प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशयको सूचना बमोजिम ठेकेदार कम्पनी श्री सिम्रन एण्ड यश कन्स्ट्रक्सन प्रा.लि.ईटहरी, सुनसरीले आ.व.२०८०।०८१ का लागि ग्रावेल/ढुंगाको स्थानीय तह उत्खनन,संकलन तथा विक्रि गरी कर उठाउने ठेक्काबन्दोबस्त गर्ने ठेक्का नं.१५/२०८०/८१/ग्रावेल/ढुंगा तर्फको ठेक्का कबोल अंक रु.१,६५,११,१११।— (अक्षरुपी एक करोड पैसठ्ठि लाख एघार हजार एक सय एघार रुपैयाँ मात्र) मुल्य अभिवृद्दि कर बाहेकको ठेक्का कबोल गरेको र उक्त ठेक्का सम्झौता (कवुलियतनामा) का लागि ठेक्का कबोल अंकको प्रथम किस्ता बापत ४० प्रतिशतले हुन आउने रकम रु.६६,०४,४४४।४० यस नगरपालिकाको श्री राष्ट्रिय वाणिज्य बैंक बेल्टार, उदयपुर शाखा कार्यालय रहेको स्थानीय तह राजश्व विभाज्यकोष खाता नं.२३७०१००३०६०१०००२ मा राजश्व शिर्षक नं.३३३६६ जम्मा गरी रकम बैंक दाखिला गरेको सक्कल बैंक भौचर/स्टेटमेन्ट र संघीय सरकारको मुल्य अभिवृद्दि कर ऐन,२०५२ को दफा १५ बमोजिम सो प्रथम किस्ता बापतको हुन आउने रकमको १३ प्रतिशत मुल्य अभिवृद्दि कर रकम रु.८,५८,५७७।७७ आन्तरिक राजश्व कार्यालयमा जम्मा गरेको भौचर र बाँकी दोस्रो र तेस्रो किस्ता वरावरको ६० प्रतिशत रकमको हकमा रकम रु.९९,०६,६६६।६० (अक्षरुपी उनान्सय लाख छ हजार छ सय छैसठ्ठी रुपैयाँ साठ्ठी पैसा मात्र) भएको र मू.अ.कर को हकमा ठेक्का कवोल गरेको अंकले हुने रकम दोस्रो र तेस्रो किस्ता बुझाउँदा अनिवार्य आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्नेछ र पछी ठेक्का कवोल अंकको १.५ प्रतिशत अन्तिम आयकर जम्मा गर्नु पर्नेछ। उक्त प्रा.लि.ले नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त क, वर्गको बैंकबाट मिति २०८१ असार १५ गतेसम्म समयवधि भएको ग्यारेन्टी (परफरमेन्स बण्ड) सम्झौता गर्दाकै वखत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै कोशी प्रदेश सरकारको आर्थिक ऐन,२०८० को अनुसूची -५ (दफा ७ को उपदफा (१) सँग सम्बन्धित) प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्क वापतको रकम एकमुष्ठ ठेक्का सम्झौता गरेकै समयमा बैंक दाखिला गरी आएमा ठेक्का कबोल अंकको मू.अ.कर बाहेकको १० प्रतिशतसम्म छुट दिन सकिने कानूनी व्यवस्था यस नगरपालिकाको राजश्व ऐन,२०७६ को दफा ११मा समेत उल्लिखित रहेको छ।उक्त ठेकेदार कम्पनीले रितपूर्वकको आवश्यक बैंक दाखिला भौचर र कागजातहरु संलग्न राखी निवेदन पेश गरेमा नेपाल सरकारद्वारा स्वीकृत ( ढुंगा,गिट्टी,बालुवा उत्खनन,संकलन तथा विक्रि व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७९ दोस्रो संशोधित व्यवस्था, चुरे संरक्षण विकास निर्माण गर्दा अवलम्वन गर्नुपर्ने कार्यविधि तथा मापदण्ड,२०७७ र यस पालिकाको स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदन, २०८० को कार्यान्वयन गर्ने,गराउने गरी ठेक्का परिमाणभित्रको निर्माण सामग्री ठेक्का बन्दोवस्त गरी उत्खनन,संकलन तथा बिक्रि निकासी कार्य गर्नका लागि मिति २०८१ साल जेष्ठ मसान्तसम्म म्याद हुने गरी ठेक्कासम्झौता गर्ने सर्वसम्मत निर्णय गरियो।

CS CamScanner

२. यस नगरपालिकामा अन्तर्गत चौ. न. पा. ६ नं. वडा अन्तर्गत सशस्त्र प्रहरी क्याम्प पछाडी फोहोर मैला व्यवस्थापन (डम्पिङ साईट) कार्य हुदै आएकोमा फोहोर मैला व्यवस्थापनको लागि मिति २०८०।६।१६ को कार्यपालिकाको निर्णयानुसार समिति गठन भई समितिको सुझाव, प्रतिबेदन अनुसार वैकल्पिक डम्पिङ साईटको बारेमा छलफल हुँदा सम्बन्धित वडाका बासिन्दाले डम्पिङ साईट निर्माण गर्न नदिने भएकोले हाल डम्पीङ भइरहेको स्थानलाई अस्थायी प्रयोजनको लागि उक्त स्थानलाई घेराबेरा गरी ढोका लगाई फोहोर मैला डम्पिङ कार्यलाई व्यबस्थित गर्ने र प्राविधिक मुल्याङ्कन अनुसार अनुमानित लागत रकम तथा कार्य सम्पन्नताको मुल्याङकन अनुसार चालु २०८०/०८१ आ. व. मा विनियोजित बजेट शिर्षक मर्मत संभार तथा भैपरीबाट भुक्तानी हुन सर्वसम्मत निर्णय गरियो ।

३. बेल्टार सुगाचरी हुदै बंशिला बाटो मर्मत सम्बन्धमा
चौदण्डीगढी नगरपालिका बाट खोटाङ जिल्ला जोड्ने बेल्टार सुगाचरी हुदै बंशिला जाने बाटो खाल्टाखुल्टी भएको हुँदा उक्त बाटोमा यातायातका साधन चल्न कठिन रहेकोले तत्काल मर्मत संभार गरी बेल्टार सुगाचरी हुदै बंशिला बाटोलाई मर्मत संभार गर्ने र सो कार्यको भुक्तानी प्राविधिक मुल्याङ्कन अनुसार अनुमानित लागत रकम तथा कार्य सम्पन्नताको मुल्याङकन अनुसार चालु २०८०/०८१ आ. व. मा विनियोजित बजेट शिर्षक मर्मत संभार तथा भैपरीबाट हुन सर्वसम्मत निर्णय गरियो ।

४. चौ. न. पा. वडा ६ र ७ मा अवस्थित द्वारखोला आसपासको र औधोगिक ग्रामको जग्गा विभिन्न व्यक्तीबाट अतिक्रमाण भएको र अतिक्रमित जग्गा संरक्षण गर्नु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) (छ) अनुसार नगरपालिकाको अधिकार क्षेत्रको विषय भएकोले प्राविधिक प्रतिवेदन अनुसार अतिक्रमित जग्गा खाली गर्न ३५ दिने सार्वजनिक सूचना दिई खाली गराउन आग्रह गर्ने सो समयावधीमा पनि खाली नभएमा नगरपालिकाले आवश्यक प्रक्रिया पुरा गरी कानुन अनुसार खाली गराई अतिक्रमित जग्गाको संरक्षण गर्ने साथै सो कार्य गर्न सहयोगको लागि सुरक्षा निकाय समेतलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. यस नगरपालिकाको विभिन्न वडाहरुले आफ्नो वडामा बस्ने विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराई दिनुहुन भनी सिफारिस गरी पठाएको सन्दर्भमा यस नगरपालिकाको स्वास्थ्य राहत कोष कार्यविधि, २०७६ बमोजिम स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने देखिएका विपन्न नागरिकहरुलाई आगामी बैठकहरुमा छलफल गर्ने निर्णय गरियो।

विविध

क) आगलागी पिडित परिवारलाई आर्थिक सहयोग सम्वन्धमा ।

- विभिन्न मितिमा यस नगरपालिका विभिन्न वडाहरुमा भएका विपद्जन्य घटनाहरुबाट पीडित व्यक्तिहरुलाई राहत उपलब्ध गराउने व्यवस्थाको लागि सम्बन्धित वडा कार्यालहरुबाट सिफारिस भई आएको हुँदा वडाको सिफारिस तथा प्रहरी सर्जमिन मुचुल्का लगायत पीडितको आर्थिक अवस्था समेतको आधारमा विपद् प्रभावितहरुलाई राहतस्वरुप तपसिल वमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

CamScanner

तपसिलः-

| क्र. सं. | माग गर्ने व्यक्ति /समुह | क्षतिको प्रकार | निर्णय रकम | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | विर जँग राई चौ. न. पा. वडा नं. ४ | आगोलागी | २,००,०००।- (दुई लाख) | विपद व्यवस्थापन भैपरि तथा तारजाली | |
| २ | दिल बहादुर सुबेदी चौ. न. पा. वडा नं. ४ | आगोलागी | ३०,०००।- (तीस हजार) | विपद व्यवस्थापन भैपरि तथा तारजाली | |

ख) काजक्रिया खर्च सम्वन्धमा।

यस नगरपालिकाबाट ६० बर्ष माथि उमेर भएका नगरवासीको मृत्यु भएमा निजको परिवारलाई काजक्रिया खर्च वापत रु. १०,०००।- उपलब्ध गराउँदै आएको र विभिन्न वडाहरुले आफ्नो वडामा मृत्यु भएका व्यक्तिहरुको काजक्रियाको लागि निजको परिवारलाई काजक्रिया खर्च उपलब्ध गराई दिनुहुन भनि सिफारिस गरी पठाएको सन्दर्भमा गत आ.व.०७९/०८० मा वजेट श्रोत अभावका कारण काजक्रिया खर्च उपलब्ध गराउन नसकिएको र हाल गरिव परिचय वितरण भैसकेको हुँदा गरिव परिचय पत्र भएका र वडाले सर्जमिन मुचुल्का सहित सिफारिस गरेका विपन्न नागरिकको लागि मात्र काजक्रिया खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

ग) अध्ययन तथा खेलाडीको लागि आर्थिक सहायता सम्बन्धमा।

चौ. न. पा. का विभिन्न वडामा बस्ने तपशिलका विद्यार्थीहरुले आफु जेहेनदार तथा अध्ययन शिल विद्यार्थी रहेको आर्थिक विपन्नताको कारण कलेज शुल्क तिर्न समस्या परेकोले अध्ययनको लागि आर्थिक सहयोग पाउन साथै चौ. न. पा ३ नं. वडाका जिल्ला स्तरीय खेलाडीले खेल स्तरोन्नतीको लागि खेल सामाग्री उपलब्ध गराउन निवेदन प्राप्त भएकोले तपशिल बमोजिम रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

CamScanner

तपशिल

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | अध्ययन गरेको विषय /खेल | चौ. न. पा. बाट निर्णय भएको रकम | भुक्तानी गर्ने शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | गृष्मा सुवेदी चौ. न. पा. ७ | ल्याब टेक्निसियन | ५०,०००।- | कार्यक्रम खर्च | विद्यार्थी |
| २ | सरिता खड्का चौ. न. पा.९ | Bachelor | ५०,०००।- | कार्यक्रम खर्च | विद्यार्थी |
| ३ | जानुका राई चौ. न. पा. ८ | Bachelor in Nursing | ५०,०००।- | कार्यक्रम खर्च | विद्यार्थी |
| ४ | प्रभातकिरण हाङखिम राई | क्रिकेट खेलाडी | २०,०००।- | कार्यक्रम खर्च | खेलाडी |

विद्यार्थीहरुको हकमा संवन्धित कलेजले सो कलेज सो कलेजमा अध्ययन गरी रहेको र विषय नलागेको व्यहोरा खुलाई दिएको पत्रको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

घ) विपन्न नागरिक आर्थिक सहायता सम्वन्धमा।

विभिन्न संघ, संस्था, समुह तथा व्यक्तिहरुबाट आर्थिक सहयोग माग भएकों हुँदा उक्त माग निवेदन अनुसार आवश्यकता र औचित्यतालाई मध्येनजर गर्दै आगामी हिउँदे नगरसभाबाट "आर्थिक सहायता" शीर्षकमा बजेट विनियोजन गरी सो श्रीर्षकवाट तपशिल वमोजिमको आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्वसम्मतवाट पारित गरियो।

| क्र.सं. | माग गर्ने व्यक्ति समुह | निर्णय भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कुमारी परियार चौ. न. पा. ९ | १५,०००। | |
| २ | रमेश राई चौ. न. पा. २ | २०,०००।- | |
| ३ | राज कुमार सदा चौ. न. पा. २ | १०,०००।- | |
| ४ | नैन ध्वज खड्का | १०,०००।- | |
| ५ | श्याम कुमार कार्की चौ. न. पा.१ | ५०,०००।- | |
| ६ | रण बहादुर मगर चौ. न. पा. ४ | १,००,०००।- | |
| ७ | राम कुमार खड्का चौ. न. पा. १० | ५०,०००।- | |
| ८ | सन वहादुर राई चौ. न. पा. १ | ११,०००।- | |
| ९ | सुक्रराज तामाङ बेलका नगरपालिका-६ | १५०००।- | |

CamScanner

ङ) कृषी/ पशुपंक्षी बजार पुर्वाधार कार्यक्रम सम्वन्धमा ।

चौदण्डीगढी नगरपालिका कृषि शाखा अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) तर्फको कृषि/ पशुपन्छी बजार पूर्वाधार कार्यक्रम ( हाट/ संकलन केन्द्र/ भण्डारण/ चिस्यान केन्द्र समेत) यस चौदण्डीगढी नगरपालिका वडा नं. ४ बर्षेडाँडामा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

च) साना सिंचाई प्रवर्द्धन कार्यक्रम सम्बन्धमा

चौदण्डीगढी नगरपालिका कृषि शाखा अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) तर्फको साना सिंचाई प्रबर्द्रन कार्यक्रममा यस चौदण्डीगढी नगरपालिका वडा नं. ४ को करेन्जे खोला भित्तेली टोल कुलो निर्माण कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।

छ) शित भण्डार निर्माण कार्यक्रम सम्वन्धमा।

चौदण्डीगढी नगरपालिका कृषि शाखा अन्तर्गत संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) तर्फको शित भण्डार निर्माण कार्यक्रम यस चौदण्डीगढी नगरपालिका वडा नं. ९ को पश्चिम ज्यामिरेमा ज्यामिरे कृषि बजार परिसरमा निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

ज) टनेल खरिद कार्यक्रम सम्वन्धमा ।

चौदण्डीगढी नगरपालिका कृषि शाखा अन्तर्गत चालु आ. ब.मा टनेल खरिद कार्यक्रम रहेको हुँदा टनेल खरिद कार्यक्रममा किसानको २५ प्रतिशत र नगरपालिकाको ७५ प्रतिशत सहभागिता गराई टनेल खरिद तथा वितरण कार्यक्रम गर्ने सर्वसम्मत निर्णय गरियो ।

झ) स्थानीय प्राविधिक तथा अनुगमन समिति गठन सम्बन्धमा ।

यस नगरपालिकाको नदी तथा खोलानालाहरुमा वातावरणीय परीक्षण प्रतिवेदन, २०८० स्वीकृत भए बमोजिम ठेक्का लागि ठेक्का सम्झौता भएका तथा अन्य उत्खनन भएका खोलाहरुको नियमित अनुगमन तथा स्थलगत नापजाँच प्रतिवेदन नियमित रुपमा बुझाउने र ढुंगा,गिट्टी,बालुवा उत्खनन्,संकलन तथा बिक्रि व्यवस्थापन सम्वन्धी मापदण्ड २०७९ दोस्रो संशोधन को समेत पालना गर्ने गरी तपसिल बमोजिमको नगर स्तरीय प्राविधिक समिति गठन गर्ने सर्वसहमत निर्णय गरियो ।

तपसिल :-

| | |
|---|---|
| श्री प्रशासन शाखा प्रमुख श्री जनकलाल लेखी | - संयोजक |
| श्री प्राविधिक शाखा — ईन्जिनीयर श्री सन्तोष राई | - सदस्य |
| श्री सव- डिभिजन वन कार्यालय प्रतिनिधि | - सदस्य |
| श्री सव-ईन्जिनीयर श्री श्रावन कुमार पाइक | - सदस्य |
| श्री राजश्व शाखा प्रमुख श्री प्रकाश वन | - सदस्य सचिव |

CamScanner

ञ) घ बर्गको निर्माण इजाजत सम्बन्धमा ।

यस न.पा. को 'घ' वर्गको निर्माण इजाजत प्रमाणपत्र दिने कार्यविधि २०७५ को दफा २ बमोजिम प्रक्रिया पुरा गरि निर्माण इजाजतको लागि निबेदन पेस गर्ने तपसिलका फमलाई निर्माण प्रमाणपत्र दिने निर्णय गरियो ।

तपसिल:

क) महाकालेश्वर निर्माण सेवा चौदण्डीगढी न.पा. – ६ प्रो.महेश लाल मण्डल

ख) गुप्ता कन्ट्रक्सन चौदण्डीगढी न.पा. – ७ प्रो.ममता देवी शाह

ट) दरेट कायम गर्ने सम्बन्धमा

यस नगरपालिकाबाट स्वीकृत गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) बमोजिम विभिन्न नीजि नम्बरी/आवधि जग्गाधनीहरुको जग्गाको ढुंगा,गिट्टी वालुवाको उत्खनन, संकलन तथा बिक्रि वितरण शुल्क संकलन कार्य गर्न कोशी प्रदेश सरकारको "आर्थिक ऐन २०८०" को (दफा ७ सग सम्बन्धित) अनुसूची ५ बमोजिमको तोकीएको दरेटमा प्रति क्यू फिट रु.२।- को र नदी तथा खोलाहरुको हकमा ग्रावेल ढुंगा/ग्रावेल प्रति क्यू फिट रु.७।- तथा बालुवाको हकमा प्रति क्युफिट रु.६।- का दरेटमा बिक्रि शुल्क मू.अ.कर सहित नियमानुसार राजश्व संकलन गर्ने सर्वसहमत निर्णय गरियो ।

ठ) नम्बरी जग्गाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिबेदन (TOR) स्वीकृत गर्ने सम्बन्धमा ।

यस नगरपालिकामा मिति २०८०/०८/१२ गते श्री प्रोडेक्स इन्जियरिंग इन्क प्रा.लि. शाखा कार्यालय गाईघाट,उदयपुरले तयार पारेको चौदण्डीगढी नगरपालिका क्षेत्रभित्र रहेको नम्बरीजग्गा धनिहरुको बिवरण स्थानीय सरकार संचालन ऐनको दफा ६२ र वातावरण संरक्षण नियमावली २०७७ को दफा ५ को उपदफा १ र यस नगरपालिकाको कार्यविधि, २०७७ बमोजिमको दफा १४ का आधारमा पेस हुन् आएको तपसिलका जग्गा धनीहरुको जग्गामा रहेको ढुंगा ग्रावेल बालुवा र माटो उत्खनन गरी हटाउन साथै बिक्रि निकासी शुल्क संकलन गर्नका लागि (TOR) स्वीकृत गर्ने निर्णय गरियो I साथै यस नगरपालिको संक्षिप्त वातावरणीय परीक्षण कार्यविधि,२०७७ को दफा १४ बमोजिमको सिफारिस अनुरुप नै हुने गरी प्रस्तावित जग्गाधनिहरुको वातावरणीय प्रतिवेदन (IEE) पेश भए बमोजिम स्वत: स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल :

**तालिका १ : प्रस्तावित जग्गाहरुको बिवरण**

| क्र.स. | कित्ता नम्वर | जग्गाधनीको नाम | जमिनको क्षेत्रफल हेक्टर वा मिटरमा | वडा | ज.रो./ज.बि. | प्रस्तावक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १/ख/११ वसाहा | प्रजा बहादुर राई | ०,१७०५ | ४ | ज.बि. | मेशिया कन्स्ट्रक्सन प्रा.लि. नयाँ वानेश्वर-१०,काठमाण्डौं | |
| २ | १/ख/१२ वसाहा | प्रजा बहादुर राई | ०,१५०६ | | | | |
| ३ | १/ख/२४ वसाहा | प्रजा बहादुर राई | ०,१२४५ | | | | |
| ४. | १/ख/१८४वसाहा | प्रजा बहादुर राई | ०,२२१० | | | | |
| ५. | १/ख/१८४ सुन्दरपुर | लोकमाया श्रेष्ठ | ०-१०-१९-० | २ | ज.बि. | | |

ड) शिखरपुर काभ्रे कञ्चनपुर चारघरे मोटरबाटो मर्मत सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका १ नं. वडा अन्तर्गत पर्ने शिखरपुर काभ्रे कञ्चनपुर चारघरे बाटो २०८० साल श्रावन महिनामा परेको वर्षातले ठाउँ ठाउँमा विगारेको र गाडी आवत जावतमा समेत समस्या रहेको हुँदा उक्त बाटो मर्मत संभारको लागि चौ. न. पा. १ नं. वडाबाट माग भई आएको हुँदा चालु आ . व.२०८०/०८१ मा विनियोजित मर्मत संभार तथा भैपरी शिर्षकबाट रु. ३०,०००।- बराबरको बजेटबाट काम गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

ढ) मदन भण्डारी राजमार्गमा पर्ने रातमाटे डाँडा र खैराझोडाको मोड सुधार गर्ने सम्वन्धमा।

चौदण्डीगढी नगरपालिका ७ नं. वडा अन्तर्गत रहेको रातमाटे डाँडा र चौ. न. पा.१० नं वडा खैराझोडामा रहेको मोडमा गाडी दुर्घटना धेरै हुने गरेको हुँदा दुर्घटना कम गर्न उक्त स्थानमा रहेका डाँडाहरुको माटो खारी मोड सिधा गर्न अति आवश्यक रहेकोले रुख विरुवा क्षती नहुने गरी मोड सकार गर्ने र उक्त काम गर्दा लागेको रकमको भुक्तानी चालु आ . व. २०८०/०८१ मा विनियोजित मर्मत संभार तथा भैपरी शिर्षकबाट कार्यको मुल्याङ्कन अनुसार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

ण) कवडी खेल प्रशिक्षकलाई सम्मान गर्ने सम्वन्धमा ।

जिल्ला उदयपुर चौदण्डीगढी नगरपालिका वडा नं. ४ बस्ने पार्बती राई नेपाल राष्ट्रिय कवडी प्रशिक्षक भई मित्रराष्ट्र चिनमा भएको एशियन खेलमा नेपाललाई कांश्य पदक दिलाउन सफल हुनु भएकोले चौदण्डीगढी नगरपालिकामा विशेष कार्यक्रम गरी कवडी प्रशिक्षक पार्वती राईलाई पुरस्कार रु. २०,०००।— उपलब्ध गराउने तथा सम्मान गर्ने र उक्त कार्यक्रम चालु आ. व. २०८०/०८१ मा विनियोजित वजेट शिर्षक कार्यक्रम खर्चबाट गर्ने सर्वसम्मत निर्णय गरियो ।

त) खानेपानी उपभोक्ता समिति पुनर्गठन सम्वन्धमा ।

चौदण्डीगढी नगरपालिका अन्तर्गत विभिन्न वडामा खानेपानी उपभोक्ता समिति रहेका र उक्त खानेपानी उपभोक्ता समितिले समयमा नियमानुसार साधारण सभा गर्नु पर्ने नगरेको साथै पुरानो समितिले नै काम गरिरहेको पाईएकोले नियमानुसार साधारण सभा गरी समिति समेत पुनर्गठन गर्न सबै खानेपानी उपभोक्ता समितिहरुलाई जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

थ) क्रिकेट खेल मैदान सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका वडा नं. ६ सातधारेमा अवस्थित खेल मैदानलाई क्रिकेट रंगशाला बनाउनको लागि छलफल भएकोमा सम्वन्धित वन समिति, सम्वन्धित वडा कार्यालयको सहमती र सिफारिसबाट माग भई आएपछी नगरपालिकाको प्राविधिक सहितको टोलीले अनुगमन गरी गराई प्रविधिक रुपले

क्रिकेट रंगशाला बनाउन उपयुक्त भएमा आवश्यक बजेट, श्रोत खोजी क्रिकेट रंगशाला बनाउने नीतिगत निर्णय गरियो ।

द) बहुक्षेत्रिय पोषण कार्यक्रम स्वीकृत सम्वन्धमा ।

यस वर्षका लागि बहुक्षेत्रिय पोषण कार्यक्रम लागि विनियोजित बजेटलाई शाखाबाट प्रस्ताव भए अनुसार तपसिल अनुसार बाँडफाँड गरी सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

| क्र.स | विषयगत क्षेत्र | क्रियाकलापहरु | इकाई | परिणाम | प्रति इकाई मुल्य | जम्मा रकम | श्रोत(नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तह) |
|---|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | नगर स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक तथा अभिमुखिकरण | पटक | १ | ६६,५०० | ६६,५०० | युरोपियन युनियन |
| २ | | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक तथा अभिमुखिकरण | पटक | १० | ० | ० | स्वास्थ्यको कार्यक्रमसंगै वैठक गर्ने |
| ३ | | पोषण सहजकर्ता निर्वाह भत्ता,संचार खर्च,पोशाक खर्च | जना | १ | ३,०८,५०० | ३,०८,५०० | युरोपियन युनियन |
| | | | | | ६५,००० | ६५,००० | स्थानीय सरकार |
| ४ | | उपमेयरसँग सुत्केरी भेटघाट तथा कोशेली कार्यक्रम (प्रति सुत्केरी रु.३,००० दरले) | पटक | १ | १०,८५,००० | १०,८५,००० | स्थानीय सरकार |
| ५ | | सुत्केरी कोशेली वितरण गर्दा फिल्ड खर्च | | १ | ५०,००० | ५०,००० | स्थानीय सरकार |
| | महिला वालबालिका शाखा | पोषण सुरधारका लागि विपन्न महिला सहकारी वा समुहमा आय आर्जनका लागि विउ पुँजी अनुदान | वटा | 1 | ६,२५,००० | ६,२५,००० | युरोपियन युनियन |
| | | | | | | १०,००,००० | युरोपियन युनियन |
| | | | | | | ० | नेपाल सरकार |
| | | | | | | १२,००,००० | स्थानीय सरकार |
| | | | | | जम्मा | २२,००,००० | |

माथि तालिकामा उल्लेखित पोषण सहजकर्ता निर्वाह भत्ता संचार खर्च पोशाक खर्चमा युरोपियन युनियनबाट रु ३०८५०० उपलब्ध गराउने र यस चौदण्डीगढी नगरपालिकामा पोषण सहजकर्तामा कार्यरत कर्मचारीलाई रु.६५०००।- चौदण्डीगढी नगरपालिकाबाट उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

ध) प्राविधिक कर्मचारी वडामा खटाउने सम्बन्धमा ।

यस नगरपालिकाका प्राधिक कर्मचारीहरुलाई कार्यक्रम अनुसार जिम्मेवारी तोकी १० वटै वडामा खटाईएकोमा योजना संचालन तथा कार्यन्वयन गर्न समस्या परेको सेवा ग्राही उपभोक्ता समितिलाई काम गर्न अफठ्यारो परेको हुँदा प्रत्येक वडामा जिम्मेवारी तोकेर प्राविधिक पठाउन वडा अध्यक्ष ज्यूहरुबाट माग भएकोले प्राविधिक कर्मचारीहरुलाई वडा तोकेर सबै वडामा खटाउने सर्वसम्मत निर्णय गरीयो ।

न) मोटर साईकल खरिदको भुक्तानी सम्बन्धमा ।

यस नगरपालिकामा चालु आ ब २०८०।०८१ मा मोटर साईकल खरिद शिर्षकमा बजेट विनियोजन नभएको तर हाल नगर प्रमुखज्युले कार्यालय प्रयोजन तथा अन्य प्रयोजनमा नियमित रुपमा गाडीको प्रयोग गर्दा इन्धन तथा गाडीको मर्मतमा बढी खर्च हुने भएकाले मितव्ययताको लागि मोटर साइकल खरिद गरी उपलब्ध गराउन नगर प्रमुखज्यु बाट माग भएकोले मोटर साईकल खरिद भएकोमा उक्त मोटर साईकल खरिदको भुक्तानी गर्न नगरपालिकाको स्वीकृत वार्षिक बजेट कार्यक्रम खर्चलाई संसोधन गरी शिर्षक मोटर साइकल खरिद रु ७७००००।- कायम गरी भुक्तानी गर्ने निर्णय गरीयो ।

| हालको शिर्षक | बजेट | संसोधित शिर्षक | बजेट | कौफियत |
|---|---|---|---|---|
| कार्यक्रम खर्च | २१००००० | मोटर साइकल खरिद | ७७०००० | नगर प्रमुखज्युको लागि कार्यलय प्रयोजन खरिद |
| | | कार्यक्रम खर्च | १३३०००० | |

प) नगर अस्पताल फार्मेसी सञ्चालन निर्देशिका सम्वन्धमा ।

चौदण्डीगढी नगरपालिका नगर अस्पताल बेल्टारमा फार्मेसी सञ्चालन गर्ने सम्बन्धी तयार गरीएको नगर अस्पताल फार्मेसी सञ्चालन निर्देशिका २०८० स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरीयो। साथै उक्त निर्देशिका आजकै मिति बाट लागु हुने समेत निर्णय गरियो ।

CamScanner